"समुन्नत सम्पदा दिगो पूर्वाधार ,समृद्ध कनकाईको मूल आधार"

# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जामुनबारी ,झापा
## कोशी प्रदेश, नेपाल

पत्र संख्याः ०८१/०८२ ( सामाजिक सुरक्षा तथा पंजिकरण शाखा ) मितिः २०८२|०३|३१

च. नं :

ने.सं.: ११४५ दिल्लागा ५ मङ्गलबार

**सामाजिक सुरक्षा परिचयपत्र नविकरण तथा लाभग्राही सूचीकरण सम्बन्धी अत्यन्तै जरुरी सूचना।।**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका सम्पूर्ण लाभग्राहीहरुले यहि आ.व. २०८२/०८३ को लागि २०८२ साल श्रावण महिना देखी भाद्र मसान्त भित्रमा सम्बन्धित वडा कार्यालयमा लाभग्राही स्वयम् उपस्थित भइ अनिवार्य रुपमा सामाजिक सुरक्षा परिचयपत्र नविकरण गर्न गराउनुहुन अनुरोध छ।बालबालिकाको हकमा आमा, बुबा, संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले र पूर्ण अपाङ्गता भएका, ९० वर्ष माथि वा अति अशक्तका कारण आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा सामाजिक सुरक्षा नियमावली, २०७६ (संशोधन सहित) को नियम ५ को उपनियम (२) बमोजिम वा सम्बन्धित वडाको जनप्रतिनिधि/कर्मचारी द्वारा नै सम्बन्धित लाभग्राहीलाई पायक पर्ने नजिकको स्थानबाट नविकरण गरिने ब्यहोरा समेत जानकारी गराइन्छ।

**<u>आवश्यक कागजातहरु:</u>**

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
२. राष्ट्रिय परिचयपत्र नम्बर (NIN) वा सो नम्बर उल्लेखित राष्ट्रिय परिचयपत्रको आवेदन फारमको प्रतिलिपि।
३. बालबालिकाको हकमा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि।
४. अपाङ्गता भएका व्यक्तिको हकमा प्रचलित कानुन बमोजिम जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि।
५. भत्ता परिचयपत्र कार्ड।
६. बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने, अशक्त वा असहाय अपाङ्गता र ९० वर्ष माथीका जेष्ठ नागरिकको हकमा राष्ट्रिय परिचयपत्र अनिवार्य छैन।

नोटः तोकिएको समयमा सामाजिक सुरक्षा परिचयपत्र नविकरण नभए प्रणाली मार्फत स्वतः लाभग्राहीको लगत कट्टा हुने र त्यस्ता लाभग्राहीले पुनः सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम नयाँ लाभग्राही सरह आवेदन दिनुपर्ने व्यहोरा समेत जानकारी गराइन्छ।परिचयपत्र नविकरण गर्दा सम्भव भएसम्म ९० वर्ष माथिका जेष्ठ नागरिक, पूर्ण अपाङ्ग र दलित बालबालिका समुहका लाभग्राहीको पनि राष्ट्रिय परिचयपत्र नम्बर अद्यावधिक गर्नु गराउनुहुन अनुरोध गरिन्छ।

**<u>बोधार्थः</u>**

श्री सबै वडा कार्यालय (आवश्यक समय तोकी भाद्र मसान्त भित्रमा नविकरण गराउनुहुन समेत अनुरोध छ।

श्री सुचना प्रविधि शाखा, (वेबसाइटमा अपलोड गरिदिनुहुन)

२०८२।३।३१

नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत



CamScanner